नेपालमा जलवायु परिवर्तन र दलित समुदायमा यसको असरहरु

लेखकः शम्भु चर्माकार

पृष्ठभूमि

वर्तमान विश्वको एउटा जल्दोबल्दो समस्याका रूपमा देखिएको जलवायु परिवर्तनको प्रभाव सिङ्गो मानवसमुदाय र प्रकृतिका लागि साझा चुनौतीका रूपमा अगाडि आएको छ । मानवसृजित विविध कारणहरूले गर्दा वातावरण जटिल, अस्वभाविक एवं तीव्र गतिमा असन्तुलन हुन गई नकरात्मक दिशातर्फ उन्मुख हुँदै गएको छ । जलवायुमा आएको यस्तो अस्वाभाविक परिवर्तनका कारण सामाजिक, आर्थिक, पर्यावरणीय र विकासका संरचनाहरूमा नकारात्मक असर पुगेको कुरा विभिन्न तथ्यांक र प्रमाणहरूले पुष्टि गरेका छन् । जलवायु परिवर्तन विश्वका विकसित तथा औधोगिक मुलुकहरु र भारत तथा चिन जस्ता तिव्र विकासको क्रममा रहेका मुलुकहरुमा तिव्ररुपमा भईरहेको औधोगिकरण, शहरीकरण, अहिलेको यो समस्याको प्रमुख कारण हुन् । नेपाल एक कृषि प्रधान मुलुक हो जस्ले विश्वको ०.०६ प्रतिशत मात्र भू भाग, ०.४ प्रतिशत जनसंख्या ओगटछ । नेपाललले विश्वभर उत्पादन हुने हरितगृह ग्यासको ०.०२५ प्रतिशत मात्र उत्पादन गर्दछ तर जलवायु परिवर्तनका नकारात्मक असरहरु भोग्न वाध्य छ । केन्द्रिय तथ्यांक विभागको एक अध्ययन अनुसार नेपालका ८२.५ प्रतिशत नेपालीहरुको दैनिक आय अमेरीकी डलर २ भन्दा कम र ३८ प्रतिशत नेपालीहरुको दैनिक आय अमेरीकी डलर १ भन्दा कम रहेको देखाउछ । करिव २० प्रतिशत दलित नेपालमा, गरिविको रेखामुनी रहेका ३८ प्रतिशत जनसंख्याको ७० प्रतिशत भन्दा माथि दलित समुदाय पर्दछ (द.गै.स.सं म., २०६१) । यो समुदाय सामाजिक, आर्थिक तथा शैक्षिक रुपमा पिछडाईएको वर्ग हो । दलित समुदाय मुख्य गरी कृषि पेशा, दैनिक ज्यालदारी, कृषि मजदुरी र परम्परागत पेशामा निर्भर छन तर ७० प्रतिशत खेती योग्य जमिनमा वर्षातको आकासे पानीको भरमा खेती गर्नु पर्ने वाध्यता रहेको छ । एक अध्ययन अनुसार, विश्वका २०२ देशहरु मध्ये जलवायु परिवर्तनवाट हुने जोखिमका आधारमा नेपाल छैटौं स्थानमा रहेको छ जसले हाम्रो देश अति जोखिममा रहेको कुरालाई प्रष्ट गर्दछ । जल तथा मौसम विज्ञान विभागको एक अध्ययन अनुसार नेपालमा हरेक वर्ष ०.०६० सेन्टिग्रेडका दरले तापक्रममा वृद्दि भईरहेको पाईन्छ र हिमाली भेगमा यसको दर अझ वढि भएको विभिन्न अध्ययनहरुले देखाएको छ । यो तापक्रम वृद्दि विश्वको औषत भन्दा वढि हो । अर्को एक अध्ययनमा १९८१ देखि १९९९ सम्मको तथ्यांकको आधारमा ९.८ मिलि मिटरका दरले वर्सामा कमि आईरहेको पाइएको छ भने त्यसै समयको मनसुन ऋतुमा ८.४ मिलिमिटरका दरले वर्षा वढदो दरमा भएको पाईएको छ तर वर्सातका दिनहरु प्रति वर्ष ०.८ दिनले घटेको विभिन्न अध्ययनहरुले देखाउछ । जस्का कारण सुख्खा समयमा अझ खडेरी बढदै गइरहेको, बर्सातको समयमा अतिवृष्टि हुन गई बाढि पहिरो तथा भू क्षय र जलाशयहरु फुटने जस्ता घटना तथा दैवि प्रकोपहरुको दर र वारम्वरतामा वृदि भएको कुरा विभिन्न घटना तथा अध्ययनहरुले प्रमाणित गरेको छ । विश्वमा जलवायु परिवर्तनको बढ्दो प्रभावको असरलाई मध्यनजर गर्दै १९९२ मा विश्वका १५४ राष्ट्रहरूले संयुक्त राष्ट्रसङ्घको जलवायु परिवर्तनसम्बन्धी महासन्धि हस्ताक्षर गरी सहकार्यको सुरुवात गरे त्यसवेला देखी नै नेपाललले जलवायु परिवर्तनमा चासो र समर्थन गर्दै आएको छ । सन् १९९६ मा हरितगृह ग्यासलाई कटौति गर्ने ऐतिहासिक क्योटो अभिसन्धिलाई पनि नेपाललले अनुमोदन गरिसकेको छ । जलवायु परिवर्तन सम्वन्धि नीतिहरु वन्ने क्रममा छन् । सरकारी तथा गैरसरकारी निकायहरु विच सञ्जाल गठन गरी आवश्यक सहयोग र सूचनाको आदनप्रदान गर्न थालिएको छ ।

दलित समुदायमा यसको असरहरु

गरिव तथा दलित समुदायको जनजिवन जलवायु परिवर्तनको असरवाट अति संवेदनशिल श्रोतहरुः जल, जंगल तथा अनुत्पादक जमिनमा निर्भर रहेको पाईन्छ । जलवायु परिवर्तनको नकारात्पक असर मुख्य कृषि तथा पशुपालन, वन श्रोत, जल श्रोतमा परेको छ । विभिन्न अध्ययन तथा घटनाहरुले देखाए बमोजिम वर्सातको अनिश्चितता, लामो समय खडेरी, वेमौशमी वर्सातका कारण कृषि वालीमा ह्रास, जडिवुटिमा ह्रास, भूमिको उत्पादकत्वमा कमि आँउदा जग्गा वाजो राख्ने दर वढिरहेको पाईन्छ । वनको जडिवुटिलाई उच्च पहाडि भेगका ५० प्रतिशत भन्दा वढि गरिवहरुले जिवन चलाउने माध्यम वनाएका छन जस्को वर्षेनी उत्पादनमा घटबढ र केही प्रजातीको ह्रास हुने दर वढदो छ यसको मुख्य कारण थुप्रै भए पनि जलवायु परिवर्तन पनि एक महत्वपूर्ण कारण हो । यसरी जलवायु परिवर्तनको असर सवै समुदायमा पर्ने भए पनि दलित तथा भौगोलिक रुपमा पिछडिएका वर्गहरुमा उक्त असरलाई अनुकुलन गर्ने क्षमताको कमी भएको हुँदा यसको असर वढि परेको छ, भोकमरी तथा कुपोषणको दर वढदो छ ।

जलवायु परिवर्तनका कारण वाढि, पहिरो र आगालागि जस्ता घटनाहरु वढदो छन् । औषतमा वार्षिक २५२२० परिवारहरु प्रभावित, ७६७८ परिवार संख्या वार्षिक वातावरणीय सरणार्थी वन्ने र औषतमा वार्षिक ४००२ हे. कृषि भुमि नष्ट भईरहेको तथ्य जल तथा दैवि प्रकोप

विभागको एक अध्ययनले देखाएको छ । यस्ता असर आर्थिक अवस्था न्युन भएका र सामाजिक तथा राज्यका हरेक विकासवाट वञ्चित गरि पिछडाइएका गरिव तथा दलित वर्गका समुदायहरु पर्ने कुरामा दुई मत छैन किनकि यो वर्गको धेरै जसो व्यक्तिहरु सँग वस्नको लागि पक्कि घर छैन, गरिखाने खेतवारी छैन यदि छ भने पनि भिरालो, असिंचित र अति अनुत्पादक छ । अर्कातर्फ लामो समय खडेरी, अति वर्सा, हुरी वतास, बाढि पहिरो जस्ता विभिन्न घटनाहरुले दलित वर्गहरु अति जोखिममा परिरहेको देखिन्छ । यसरी जलवायु परिवर्तनको असरवाट जोखिममा दलित समुदाय अरु समुदाय भन्दा वढि हुनुमा राज्य द्वारा अगाडि सारीएका विकासका गतिविधिहरु गरिव तथा दलितमुखि वन्न नसक्नु, दलित तथा गरिव वर्गको विकासको नीम्ति राज्यले उपयुक्त नीतिको अभाव र यदि केहि हद सम्म नीति निर्माणमा दलितका मुद्दा समावेश गर्न सुरुवात गरिएको भए पनि रणनीति निर्माण र कार्यन्वयन पक्ष सहि ढंग वाट हुन नसकेवाट दलित र गरिव समुदायको पहुँच तथा नियन्त्रण राज्यका प्राकृतिक श्रोतहरु (जल, जंगल, जमिन) माथि कम र स्थानीय स्तर देखि राज्यका हरेक संरचनामा यिनीहरुको सहभागिता करिव सुन्य वा अत्यन्त न्युन र लाभंश वितरणमा न्यायोचितताको अभाव रहेकोले यो समुदायमा जलवायु परिवर्तन सम्वन्धि दैवि प्रकोप, घटनाहरु तथा असरहरुलाई सामना गर्न सक्ने क्षमता कम छ जस्ले यो वर्ग अझ वढि जोखिममा पर्ने कुरा प्रष्ट छ ।

जलवायु परिवर्तनको असर जल श्रोतमा पनि त्यतीकै परेको छ । नदिमा पानीको मात्रा, वहावमा घटवढ भइरहेको छ र धेरै जसो नेपालका हिमाली तथा उच्च पहाडी भागहरुमा परम्परागत खानेपानीका मुहानहरु (ढुंगे धारा, कुवा आदी) सुक्दै गईरहेका, विभिन्न जिल्लाका स्थानीय समुदायका अनुसार पानीको मुहान सुक्ने दर वढेको र पानीको मात्रा विगत दश वर्षको अन्तरालमा हिँउदमा दुई चौथाईका दरले घटेको कथन छ जस्का कारण पानी पिउनकै नीम्ति धेरै समय व्यथित गर्नु परेको गुनासो उनीहरुको छ । अझ दलितहरु पानी आफ्नो पालोमा भर्न नपाई उपल्लो जातका र धनी वर्गका व्यक्तिहरुले भरीसके पछि मात्र भर्न पाउछन यदि आफ्नो पालोमा भर्न खोजे शारिरीक यातना सम्म व्यहोर्नु परेको घटना वारम्वार आईरहेको वाट राज्यमा दलितहरुको अवस्थाको विश्लेषण र दलित समुदायमा जलवायु परिवर्तन र यसको असरको अनुमान जो कोहिले पनि सहजै गर्न सक्छ ।

निष्कर्ष

जलवायु परिवर्तनको असर दलित समुदायमा अन्य धनी वर्गको भन्दा वढि परेको देखिन्छ किनकी यो वर्गका समुदायसंग जलवायु परिवर्तनले गर्दा परेको असरहरुलाई सामना गर्न सक्ने क्षमताको अभाव छ किनकी यो वर्ग जालवायु परिवर्तन संवेदनशिल श्रोतमा निर्भर छ यसका असरलाई अनुकुलन गर्नका लगि आवश्यक भौतिक संरचनाको अभाव छ, सूचना र प्रविधिवाट टाढा छन् फलस्वरुप यसलाई सहेर वस्ने भन्दा अन्य उपाय यो वर्गमा छैन । यसको पछाडि राज्यले गरेको दलित समुदायप्रतिको वेवास्ता, विकासका गतिविविधिहरु र यसवाट हुने लाभंशको न्यायोचित वितरण नहुनु नै हो । अव पनि राज्यले दलित वर्गको सामाजिक, आर्थिक, शैक्षिक अवस्थाको सुधार र हरेक तह र तप्काका प्राकृतिक तथा अन्य श्रोतहरुमा यस वर्गको सहभागिता, पहुँच, न्यायोचित लाभंश वितरण र नियन्त्रणको अवस्थामा सुधार गर्न नसके यो वर्ग अझै सिमान्तकृत हुदै जाने छ । तसर्थ अव वन्ने नयाँ संविधानमा जलवायु परिवर्तन र यसवाट पर्ने असर न्युनिकरण तथा अनुकुलन सम्वन्धि प्रष्ट व्यवस्था गरी आवश्यक निति तथा कार्यक्रमहरुको निर्माण र त्यसको सहि कार्यान्वयन गरिनु पर्दछ साथै जलवायु परिवर्तनको वारेमा जनचेतना तथा जनशिक्षाका कार्यक्रहरु, वैकल्पिक रोजगारीका अवसरहरुको श्रृजना तथा राज्यवाट गरिने विकासका कार्यक्रहरुलाई जलवायु परिवर्तन संवेदनशिल, र दलितमुखि वनाई यिनीहरुले भोगिरहेका पिडा र जोखिम न्यूनीकरण गर्न तर्फ हरेक सरकारी तथा गैरसरकारी निकायहरु लगि पर्नु आजको आवश्यकता भएको छ ।

सन्दर्भ सामाग्रि

प्राक्टिकल एक्शन, जलवायु परिवर्तन र अनुकूलन : नेपाल सन्दर्भ, २०६५ ।
स्वच्छ उर्जा नेपाल, जलवायु परिवर्तन हामी सवैको चासो,२०६५ ।
वन विभाग, हाम्रो कल्पवृक्षः अंक २०१ फागुन २०६४ ।
ली-वर्ड, जलवायु परिवर्तन : साझा समस्या, सरोकार र चुनौती, जानकारीपत्र - अंक १ मंसिर २०६५) ।
जलउत्पन्न प्रकोप रोकथाम विभाग, २०६५ः वार्षिक प्रकोप पुनरावलोकन अंक १५, श्रावण २०६४
केन्द्रिय तथ्यांक विभाग, २००८ वार्षिक प्रतिवदन ।